मिति : ११ जनवरी २०१७

**डा. प्रकाशशरण महत ज्यू,**
मानानिय परराष्ट्र मन्त्री ।
नेपाल सरकार ।

**बिषय : अनुरोध/ध्यान आकर्षण**

माननीय मन्त्री ज्यू,

सर्वप्रथम गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार र कतारमा कार्यरत सम्पुर्ण नेपालीहरुको तर्फबाट हार्दिक स्वगत सहित अभिवादन टक्र्याउँन चाहन्छौं । साथै यहाँको कतार भ्रमण उपलब्धिमुलक एवं सुखद् रहोस भन्ने कामना समेत गर्दछौ ।

यहाँको कतार भ्रमणको अवसरमा यहाँ कार्यरत नेपालीहरुको प्रतिनिधित्व गर्दै यो महत्वपुर्ण भेटघाटको अवसर प्रदान गर्नु भएकामा नेपाली राजदुतावास परिवार प्रति हार्दिक आभार व्यक्त गर्दै कतारमा रहेका नेपालीहरुका केहि अपेक्षाहरु माननिय मन्त्री ज्यू समक्ष बुँदागतरुपमा प्रस्तुत गर्न चाहान्छौं ।

१. ठुलो संख्यामा नेपालीहरु कार्यरत रहेको कतारमा नेपाल र नेपालीको भलाईमा धेरै कार्यहरु गर्न सक्ने सम्भावना भएर पनि केहि कारणहरुले गर्न नसकिएको अवस्था छ । त्यसको प्रमुख कारण कतारमा नेपाली सांस्कृतिक केन्द्र स्थापना गर्न नसक्नु हो । यसको लागि विगत लामो समय देखि एनआरएनए कतारले आवाज उठान गरिरहेको भएता पनि हाल सम्म हुन सकिरहेको छैन । यो दुतावासको कुटनैतिक परिधि र श्रोत साधानबाट हुन नसकिरहेका विभिन्न गतिविधिहरु यहाँ कार्यरत नेपालीहरुसँग प्रत्यक्ष समन्वयमा गर्न सकिने संरचना हो । जसको स्थापनाले नेपाली सांस्कृति, कला, साहित्य, खेल, पर्यटन आदी प्रवद्धन गर्ने आधार बन्ने छ । श्रमिकहरुको कल्याणका क्षेत्रमा कल्याण्कारी कोष स्थापना गरी कतारमा विपदमा पर्ने नेपालीहरुको तत्कालिन राहात तथा उद्दारलाई संस्थागत रुपमा नै व्यवस्थित गरेर संचालन गर्ने आधार तयार हुने छ । अन्य धेरै कार्यक्रमहरु प्रभावकारीरुपमा संचालन गर्न सकिने भएकोले यसको स्थापना गर्नको लागि हदै सम्मको प्रयास गरिदिनुहुनको लागि माननिय मन्त्री ज्यूसँग विनम्र अनुरोध गर्दछौं ।

२. कतार अधिकांश नेपाली श्रमिकहरु कार्यरत रहेको मुलुक हो । यहाँ नेपाली श्रमिकहरुले अनगिन्ति समस्याहरु भोग्न बाध्य छन् । कम्तिमा कानुनले दिएका श्रमिक अधिकारहरु मात्र सहि कार्यान्वयन हुने र त्यसको प्रत्याभुति गर्न पाउने हो भने पनि धेरै राहत महशुस हुने भएकाले फ्रि भिषा, फ्रि टिकट लगायत श्रमिकको पक्षमा भएका निर्णयहरुको प्रभावकारी कार्यन्वयनको लागि अनुरोध गर्दछौं ।

३. "आजाद" भिसाको नाममा भईरहेको ठगि र समस्यालाई जरै देखि समाधानको लागि अनुरोध गर्दछौं ।

४. रोजगारीमा आएर संघर्ष गर्दै व्यवसाय गरेका र व्यवसायीक रुपमा नै कतारमा कार्यरत नेपालीहरुको संख्या पनि उल्लेखनिय छ । जसले रेमिट्यान्सलाई गुणात्मक रुपमा बृद्धि गरिरहेको छ तर ति व्यवसायीहरुलाई परामर्श, प्रोत्साहन, संरक्षण तर्फ हालसम्म सरकारले ध्यान दिएको पाइदैन । अन्य मुलुकले सम्बन्धित देशका नियोग मार्फत त्यस किसिमको सहयोग गर्ने गरेका छन् । नेपाल सरकारले पनि कम्तिमा आफ्ना व्यवसायीहरुलाई पहिचान गरि आवश्यक सहयोग गर्ने व्यवस्था गरोस भन्ने अनुरोध गर्दछौं ।

५. नेपालीहरु भएका मुलुकहरुमा नेपाल व्यापार मेला, नेपाल पर्यटन मेला आदी कार्यक्रमहरु गरेर नेपाली व्यापार, उत्पादन तथा पर्यटन प्रबर्द्धन गरिरइहेका छ तर पटक पटक योजना र छलफल गरेर पनि व्यवस्थापकिय तथा कानुनि कठिनाइहरुले कतारमा हालसम्म यस प्रकारको कार्यक्रम गर्न सकिएको छैन । हाल पनि एनआरएन एनसीसी कतार त्यसको योजना गरिरहेको छ । तर त्यसलाई सरकारी स्तरबाट समेत केहि सहयोग आवश्यक पर्ने भएकोले आगामी केहि महिना भित्र आयोजना गर्ने योजना रहेको नेपाल एक्स्पो लाई आवश्यक सहयोग गरिदिनु हुन समेत अनुरोध गर्दछौं । जस्ले दुई देशिय खेल, शैक्षिक, कला, व्यापार पर्यटन विकाशम उल्लेख्य सहयोग गर्न सकिन्छ ।

६. श्रम स्विकृतिको लागि सम्वन्धित देशको नेपाली दूतावासबाटै दिने व्यवस्था यथासक्दो चाडै कार्यान्वनको लागि अनुरोध गर्दछौं ।

७. कतारको लगानि नेपाल भित्रयाउनको लागि पहल गर्न सके राष्ट्रको विकासमा टेवा पुग्न सक्छ त्यसैले यसको लागि समेत आवश्यक पहल गरियोस भन्ने कतारमा कार्यरत नेपालीहरुको चाहना रहेको छ ।

८. वैदेशिक रोजगारलाई सुलभ र सरल ढंगबाट साधारण श्रमिकहरु मात्र नभएर दक्ष जनशक्तिहरु (ईन्जीनियर, डाक्टर, नर्स, चार्टडएकाउन्टेन्ट, एकाउन्टेन्ट, म्यानेजर, टेक्नीसियन, सेल्सम्यान, कुक, वेटर) पठाउँनको लागि सरकारले नै मध्यस्थताको भुमिका निर्वाह गरि सहज गर्नको लागि अनुरोध गर्दछौं ।

९. राष्ट्रका ३० औ लाख युवा एवं चेतनशिल नागरिक विदेशमा छौं । राष्ट्र प्रतिको जिम्मेबारी बोध भएका ति नागरिकहरुको मताधिकार आगामी निर्वाचनहरु बाटै उपयोग गर्ने व्यवस्था गर्नको लागि समेत अनुरोध गर्दछौं ।

१०. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अव्यवस्था, अनियमिताका कारण निर्दोष नेपालीहरुले दुःख पाउने तर ठुला ठुला अपराधिहरु उम्कने घटनाहरुले प्रवासी नेपालीहरु आजित छौं । घर जादा र आउदा एअरपोर्टमा के भनेर दुख दिइने हो, सामान हराउने कि, समयमा नपाइने हो कि जस्ता कुराहरुले घर जादाको सुखद क्षण अनुभुति गर्न नपाउने गरेको अवस्था छ । यसबाट मुक्ति दिलाउन सरकारले प्रभावकारी अभियान संचालन गरोस भन्ने जोडदार माग गर्दछौं ।

हामी सँग समस्या र चुनौतिहरु प्रशस्त छन् साथै अवसरहरु पनि, ति सबै तत्काल सामाधान हुदैनन् भन्ने हामीले पनि बुझेका छौं, तथापि इमान्दारिकताका साथ क्रमश नितिगत र व्यवहारिक सुधार गर्दै जाँदा सबै समाधान हुन्छन् । गैरआवासीय नेपाली संघले विगत देखि नै उठान गरेका धेरै बिषयहरु सम्बोधन भएर सुधार भएका पनि छन् तर प्रभावकारी कार्यान्वयन प्रति पुर्णरुपमा विश्वस्त हुन सक्ने आधार तय भइसकेको छैन । यस तर्फ बिशेष ध्यान दिनको लागि माननिय मन्त्री ज्यु समक्ष पुन अनुरोध गर्दै यहाँको कतार भ्रमणको पुर्ण सफलताको कामना गर्दछौं ।

धन्यवाद ।

ई. नन्दप्रसाद गर्बुजा
महासचिव

विनेस तामाङ
अध्यक्ष